# विदेशमा बस्ने नेपालीहरूका लागि कार्यक्रम

**अनिल भट्टराई**

मेरो दिमागमा अहिले पनि रेडियो नेपालमा विगतमा बजाइने केही कार्यक्रमबारे सम्झना बाँकी छः केही स्पष्ट र केही चाहिँ एकदम धुमील मात्रै । बाल्यकालमा सात कक्षा पढ्ने बेलासम्म मैले नियमितजसो सुन्ने भनेको *बाल कार्यक्रम* थियो । त्यसअन्तर्गत *कोभन्दा को कम* भन्ने प्रतिस्पर्धात्मक कार्यक्रम म निकै ध्यानपूर्वक सुन्ने गर्थें । त्यस कार्यक्रममा प्रतिस्पर्धाका लागि केही लेखेर पठाउने मेरो इच्छा भने कहिल्यै पूरा गर्न सकिनँ । *बाल कार्यक्रम*कै पत्रमित्रता कार्यक्रममा आफ्नो नाम, ठेगाना र रुचि लेखेर पठाए पनि प्रसारण भएन । तैपनि यो कार्यक्रम प्रिय नै रह्यो बाल्यकालभरि ।

*ग्रामीण कार्यक्रम*बारे पनि केही सम्झना छन्, खासगरी एउटा कथाको । कुनै मानिसले आफ्नो भान्छा नजिकैको अर्काको भान्छाबाट आएको मासुको गन्ध सुँघीसुँघी मजाले भात खान्थ्यो । त्यो कुरा केही समयपछि मासु पकाउनेले थाहा पायो र मासुको गन्ध सुँघेबापतको पैसा सुँघ्ने मानिससँग असुलीमाग्नका लागि अदालतमा मुद्दा हाल्यो । कथामा यो मुद्दा न्यायाधीशले कसरी चाखलाग्दो

ढङ्गले फैसला गरे भन्ने कुरा अहिले पनि म सम्झन्छु । खाएबापत होइन कि मासुको गन्ध सुँघेबापत पैसा माग्नेलाई पैसा पनि सधैँलाई राख्न होइन कि एकैछिनका लागि समात्न मात्र दिएर न्यायाधीशले त्यो मुद्दाको फैसला गरेका थिए कथामा । त्यस्तै *कृषि कार्यक्रम*की बूढी आमैको स्वर सायद रेडियो नेपाललाई सम्झाइराख्नका लागि सबभन्दा महत्त्वपूर्ण कुरा हो जस्तो लाग्छ । गाउँमा खेती गर्ने किसानहरूले त्यो कार्यक्रमबाट सिके कि सिकेनन् त्यो मलाई थाहा भएन, तर जेटीए र बूढी आमैको संवाद चाहिँ साह्रै मन पराउँथे मानिसहरूले चितवनको हाम्रो घर भएको गाउँमा । म बुवाको जागिरले जता लान्थ्यो उतै जान्थेँ साथ लागेर । यसरी सानै उमेरमा पनि नेपालको केही ठाउँहरू डुल्ने मौका पाइयो । मेरो सम्झना भएसम्म म गएका गोरखा, सुर्खेत, बाग्लुङ आदि ठाउँहरूमा पनि बूढी आमैको यो स्वर मानिसहरूबीच निकै लोकप्रिय थियो । ठ्याक्कै बूढी आमैको स्वर निकाल्ने ती महिला साँच्चिकै बूढी भने होइनन् भनेर हामी साथीहरूबीच नियमित कुरा गर्थ्यौं । *अतीतका गीत कार्यक्रम*मा बजाइने गीतहरू म सुन्थेँ, नियमित जस्तै । गीतको बोल सम्झना नभए पनि, मेलवादेवीको नाके स्वर बडो आकर्षक थियो मेरालागि । शनिवार दिउँसो सुनाइने रेडियो नाटक मेरा धेरै सुनिने कार्यक्रमहरूमध्ये नै पर्दथ्यो र जहाँ भए पनि नाटक सुन्नका लागि म घर आइपुग्थेँ । तर अहिले मैले यहाँ सम्झना गर्न खोजेको चाहिँ *विदेशमा बस्ने नेपालीहरूका लागि कार्यक्रम* हो ।

यस कार्यक्रम ध्यान दिएर सुन्न थालेको चाहिँ २०३७ सालतिर आठ कक्षा पढ्न थालेदेखि नै हो र एसएलसी पास नगरुञ्जेलसम्म सुनेँ जस्तो लाग्छ । घरमा एउटा मात्र रेडियो थियो तर परिवारका अरूले पनि त्यो कार्यक्रम मन पराउँथे । त्यसैले सुन्नमा समस्या थिएन । गीत, कथा र कविता वाचन हुने त्यो कार्यक्रमबाट मनोरञ्जन चाहिँ राम्ररी नै पाइने हुनाले म नियमितजस्तै सुन्थेँ ।

त्यतिखेर साँझ साढे सात बजे नेपालीमा समाचार आउँथ्यो र साढे आठ बजे अङ्ग्रेजीमा । सातदेखि र साढे आठ बज्नुअघिको समय रेडियोका श्रोताहरूको 'प्राइम टाइम' थियो । यसै समयमा *विदेशमा बस्ने नेपालीहरूका लागि कार्यक्रम* पनि आउँथ्यो । मलाई अहिले यकिन सम्झना छैन– हप्तामा यो कार्यक्रम कति चोटि बजाइन्थ्यो र समाचार अघि बजाइन्थ्यो कि पछि । कम्तीमा पनि हप्तामा धेरै दिन यो कार्यक्रम बजाइन्थ्यो ।

चालीस सालतिरबाट मात्रै जनस्तरमा टेलिभिजनको प्रयोग भएको हो । त्यसभन्दा अघि मैले टेलिभिजनमा मान्छे बोल्छन् रे भनेको सुनेको हो, तर २०४१ सालमा एसएलसीको परीक्षा दिएपछि मात्र मैले टेलिभिजन देखेको हुँ पहिलो

पल्ट । यसको व्यापक बिस्तार त पचास सालपछि मात्र भएको हो । पचास सालभन्दा अघि रेडियो नै आम मानिसको हकमा एउटा प्रमुख सञ्चार माध्यम थियो । पत्रपत्रिकाको पहुँच पनि निक्कै सीमित थियो, त्यस बेला । वास्तवमा नेपालमा बिजुली उपभोगको सीमितताले गर्दा अहिले पनि रेडियो नै आम सञ्चारको रूपमा प्रचलनमा छ । झन् त्यस बेला त गाउँघरमा रेडियो हुनु एउटा इज्जतको कुरा पनि थियो । सहरमै बस्नेहरूका लागि पनि रेडियो आम सञ्चारको एउटा मात्रै सहज माध्यम थियो ।

*विदेशमा बस्ने नेपालीहरूका लागि कार्यक्रम* कति मानिसहरूले सुन्थे, म भन्न सक्दिनँ । रेडियो नेपालले त्यो कार्यक्रमको श्रोता सर्वेक्षण गरेको थियो वा थिएन, त्यो पनि थाहा भएन । तर त्यसको समयलाई हेर्दा भने धेरै सुनिने कार्यक्रममध्येमा पक्कै पर्थ्यो भन्न सकिन्छ । मानिसहरूले मन पराउँथे कि पराउँथेनन्, त्यो पनि अर्कै कुरो हो र अहिले त्यसबारे निश्चित ठम्याइका साथ भन्नका लागि कुनै तथ्य उपलब्ध छैन । त्यो कार्यक्रम कति समयको हुन्थ्यो म अहिले सम्झन्नँ, तर त्यसमा गीत, कथा र गीति कथा सुनाइन्थ्यो । त्यसको साथै त्यसमा श्रोताहरूको पत्र पनि पढेर सुनाइन्थ्यो, हप्तामा एकचोटि जस्तो लाग्छ । कार्यक्रममा सुनाइने एउटा गीत अझै पनि निक्कै लोकप्रिय छ नेपालमा । त्यो गीत हो:

असारै मैनामा, पानी पर्‍यो रुझाउने,<br>
एक्लो यो मेरो मन कसरी बुझाउने,<br>
भन्थिन् है मैच्याङले रुँदै बरर,<br>
नौडाँडा पारि छ कम्पनी सहर,<br>
विछोडको बेलैमा ।

यो गीतबाहेक अरू गीतहरू पनि बजाइन्थ्यो । मैले सम्झन सकेको भने यही मात्रै हो । तर सबैका भाव एउटैजसो हुन्थे– देश छोडी जाँदाको दुःख, पीडा र बेखुशी । देशको माया सबैजसो गीत, कथा, गीति कथा तथा कविताहरूको मूल विषय हुन्थ्यो । अनि परदेश जानु भनेको भारत जानु नै हुन्थ्यो सबैजसो गीत, कविता, कथा तथा गीति कथाहरूमा । सायद त्यतिखेर अहिलेजस्तो अरब र अरू बाहिरी मुलुकमा मानिसहरू जाँदैनथे उतिसारो । हुन त अङ्ग्रेजी सेनामा जाने र विदेशमा पढ्नका लागि जाने मानिसहरू अमेरिका वा युरोप पनि जान्थे धेरै नै सङ्ख्यामा । तर यो कार्यक्रमको विषय सुखमा रमाउँदै अमेरिका र युरोप पढ्न गएका मानिसहरूको जीवन थिएन । यो त पहाडबाट रोजीरोटीका लागि

मुग्लानीयाँ हुनेहरूबारे थियो । यसमा गरिने उद्घोषण अर्थात् वाचनशैली प्रशंसनीय हुन्थ्यो ।

कथाका पात्रहरू फेरिन्थे, घटनाका विवरणहरू फेरिन्थे, ठाउँका नाउँहरू फेरिन्थे, तर प्रायः गरी तिनले दिने सन्देश एकै हुन्थे । पहाडमा भोग्नु परेको पीडा र शोषण पनि ती कथाहरूमा बकिन्थे, मुग्लानीयाँ हुनुपरेको कारणका सन्दर्भमा । गरिबी, विमारी र चर्को व्याजदरले पिल्सिएर अन्ततः पहाडे लोग्नेमानिसको नियतिमा कम्पनी सहर जानु नै अनिवार्य बन्छ र ऊ जीविकाको खोजीमा परिवारलाई छोडेर हिँड्छ । चाहना त होइन, तर विवशता बन्छ मुग्लान प्रवास । नेपालको पहाडबाट मुग्लान जाँदाका भोगाइहरूबारे कार्यक्रममा प्रस्तुत रचनाहरू बोल्थे । लोग्ने कम्पनी सहर जाँदा भएको विछोडको विलौना, शीतल पहाडबाट तल मैदानमा झर्दाको हप्स्पी, सीमापारि खानु परेको हण्डर, भारतीय सहरमा ठगिनुपरेको पीडा, र क्रमैसँग ऊ फर्कंदै गरेको अनुभूति । देशको माया त कहाँ कम हुन्छ र ? तर परिस्थितिले उसलाई देशबाट टाढा परदेश लैजान्छ, नीरस, निर्मोही र निर्दयी ठाउँमा । अन्ततः हरेकजसो कथामा पात्रहरू आफ्नै देश फर्कन्थे । सीमाबाट देश छिर्नेबित्तिकैको सुखद अनुभूति पाउँथ्यो अमुक पात्रले ।

त्यो कार्यक्रम सायद नेपालबाट भारत कामको खोजीमा हिँड्ने सबैका बारेमा पनि थिएन । नेपाल पहाडेहरूको मात्रै थियो त ? यो प्रश्न जब म अहिले उठाउन थाल्छु, यो कार्यक्रमको अर्को औचित्य पनि प्रस्ट हुन थाल्छ । यो कार्यक्रम खालि राष्ट्रवादको प्रचार गर्नु मात्रै थिएन, बरु खास किसिमको राष्ट्रवादलाई देशभरि फैलाउनु थियो । प्रस्ट छ, रेडियो नेपालको प्राविधिक पहुँच त्यस समयमा देशभरि पनि थिएन, विदेशमा त कुरै छाडौं । त्यसैले विदेशमा बस्ने नेपालीहरूका लागि कार्यक्रम भन्ने नाम दिए पनि यो नेपाल भित्रैका लागि लक्षित थियो । मधेशमा बस्नेहरूले कसरी लिए होलान् ? वा उनीहरूले यो कार्यक्रम सुने कि सुनेनन् होलान् ? त्यो पनि मलाई थाहा छैन । तर पहाडे राष्ट्रवादको प्रचार यसको उद्देश्य थियो ।

मधेशका मानिसहरूलाई भारत जानु सामान्य कुरा थियो । विवाह वारिपारि हुन्थ्यो र अहिले पनि हुन्छ । राष्ट्र राज्यले बनाएको सीमालाई नातागोता, परम्परा तथा सांस्कृतिक चालचलनले मेटिदिन्थ्यो । कतिपय यस्ता अनुष्ठानहरू राष्ट्रराज्यभन्दा धेरै पहिलेदेखि नै चलनमा छन् । मधेशका मानिसहरू अरू कुराका लागि जान्थे नै भारत, कामका लागि पनि जान्थे । पञ्जाब र हरियाणाका खेतीमा काम गर्ने कृषि मजदुरहरू मधेशबाट गएकाहरू प्रशस्तै हुन्थे ऊबेला पनि । उनीहरू पनि पहाडबाट झरेकाहरू जस्तै लामै समय त्यहाँ काम गरेर बस्थे । तर *विदेशमा*

*बस्ने नेपालीहरूका लागि कार्यक्रम*मा उनीहरूबारे कुनै कथा, कविता, गीत वा गीति कथा मैले सम्झेसम्म सुनाइएन । मैथिली, भोजपुरी र अवधीभाषीहरूले नेपालीका बखानहरू बुझ्थे कि बुझ्थेनन्, त्यो पनि भन्न सक्दिनँ । भानुभक्तले रामायणलाई नेपाली भाषामा उल्था गरेर नेपालदेशका नेपालीलाई एउटै भाषाको सूत्रमा उन्ने काम गरे भन्ने मिथ्या प्रचारमा रमाएको पञ्चायती शासन व्यवस्थाको लक्ष्य, ती भाषाहरूलाई नेपाली राष्ट्रियताको पहिचानको रूपमा लिन चाहन्नथ्यो । नेपाली भाषाको मात्रै प्रचार गर्नु थियो । पहाडे नेपालको प्रचार गर्नु थियो ।

सायद अर्को कुरा पनि थियो । यस कार्यक्रममा भारतका मानिसहरू खराब छन्, भारत भन्ने ठाउँ खराब छ र त्यसको तुलनामा मातृभूमि नै प्यारो छ भन्ने सन्देश निरन्तर प्रसार हुन्थे । नियमित प्रसारण हुने यो प्राइम टाइमको कार्यक्रममा भारतलाई खतरा, दुःखको सर्जकको रूपमा आम जनमानसमा स्थापित गर्न खोजिन्थ्यो, जुन पञ्चायती राष्ट्रवादको उद्देश्यअन्तर्गत नै हुन्थ्यो । एउटा विचरा पहाडे सोझो पुरुष मुग्लानमा गएर धोका पाउँछ । कहिले साहूले धेरै काम लगाउँछ । कहिले साहूले कमाएको पैसा दिँदैन । कहिले कमाएको पैसा सहरका गुण्डाहरूले लुटिदिन्छन् । प्रायः गरी यस कार्यक्रमबाट गर्मी, धुलो र कोलाहल नै भारत हो भन्ने बुझिन्थ्यो । समग्रमा मुग्लान डर, दुःख र खतराको ठाउँको रूपमा निरन्तर रूपमा चित्रण हुँदा भारतलाई तेर्स्याएर निर्माण गरिएको राष्ट्रवादलाई जगेर्ना गर्न सजिलो भयो । सायद पञ्चायती व्यवस्थाको सूत्रमा साधारण मानिसहरूलाई नजिक्याउनका लागि यो कार्यक्रमको भूमिका थियो होला । भारतको विरोध गर्ने पञ्चायतको राष्ट्रवाद राजाको सक्रिय तर जनताप्रति उत्तरदायी हुनु नपर्ने निरङ्कुश शासन व्यवस्थाको एउटा विचारधारात्मक आधार थियो क्यारे र सायद यो कार्यक्रम त्यसको प्रचारको एउटा माध्यम थियो ।

म सन् १९९९ को जुन महिनादेखि २००२ को डिसेम्बर महिनासम्म लगभग साढे तीन वर्ष भारतको नयाँ दिल्लीमा बसेँ । सुरुको एक वर्ष एउटा अनुसन्धान संस्थामा काम गर्न र बाँकी समय जवाहरलाल नेहरू विश्वविद्यालयको 'सेन्टर फर सोसल मेडिसिन एण्ड कम्युनिटी हेल्थ' मा जनस्वास्थ्यको अर्थराजनीतिबारे 'एमफिल' गर्नमा बित्यो । आफ्नो काम तथा अध्ययनका क्रममा केही भारतीय मित्रहरूसँग कुराकानी र अन्तर्क्रिया पनि गर्ने अवसर मिल्यो मलाई । औपचारिक तथा अनौपचारिक रूपले नेपाल र भारतका राजनीतिज्ञ, पत्रकार, बुद्धिजीवी तथा नागरिक सङ्गठनका प्रतिनिधिहरूबीचको संवादलाई बलियो पार्नुपर्छ भन्ने धारणा उनीहरूमा रहेको मैले पाएँ । नेपाल तथा भारतका व्यक्तिहरूसँगको संवादपछि एउटा कुरा मेरो दिमागमा प्रस्ट भयो– न त नेपालमा भारतबारेका विचार

खँदिलो ढङ्गले आएको छ, न भारतमा नै । आवश्यकताको हिसाबले नेपालीहरू नै भारतमाथि धेरै आश्रित हुन् । नेपालको राजनीतिमा नै भारतीय राज्यको भूमिका ठूलै रहने गरेको छ । नेपालको अर्थव्यवस्था भारतीय अर्थव्यवस्थासँग दह्रोसँग गाँसिएको छ । त्यसैले भारतीयहरूलाई नेपाल जान्नु जति कम आवश्यक छ, नेपालीहरूलाई, त्यसको विपरीत, भारत जान्नु अति आवश्यक छ ।

तर एउटा विडम्बना भनौँ, यस तथ्यलाई गम्भीर रूपमा लिइने गरेको छैन । किन होला ? यो प्रश्नको उत्तर जटिल छ । तर हामीले अहिलेसम्म भारतबारेको विचार कसरी निर्माण गऱ्यौँ भन्ने कुराको विश्लेषण गर्ने हो भने यो कुराको उत्तर खोज्न सजिलो हुन्छ । नेपालका तीन राजनीतिक समूहको भारतबारेको बुझाइ आ-आफ्ना ढङ्गले निर्माण भएको छ । पहिलो निरङ्कुश राजतन्त्रले निर्माण गरेको बुझाइ, दोस्रो, वामपन्थी राजनीतिमा निर्माण र प्रचार भएको बुझाइ, र अन्तिम, नेपालको लोकतान्त्रिक आन्दोलनमा भारतबारेको बुझाइ । यी तीन थरी बुझाइहरू नै नेपाली समाजमा सबभन्दा बढी बिस्तार भएका छन् । त्यसमाथि पनि निरङ्कुश राजतन्त्रले निर्माण गरेको तथा वामपन्थी राजनीतिले निर्माण गरेको बुझाइ सबभन्दा बढी हावी भएको छ आम समाजमा ।

यी दुई बुझाइले बीसौँ शताब्दीको उत्तरार्धमा विश्वका तेस्रो विश्व भनिने देशहरूमा व्यापक भएको राष्ट्रवादको भाषामा भारतबारेको सोचाइ निर्माण गरे । एउटा स्वतन्त्र देश, कहिल्यै उपनिवेश हुनु नपरेको देश भन्ने सोच नेपाली राष्ट्रियताको प्रमुख मन्त्र रह्यो भने नेपालको स्वतन्त्रतामाथि भारतीय खतरा एउटा निरन्तर प्रक्षेपित सम्भावनाको रूपमा प्रस्तुत गरियो । पहाडिया हिन्दू ब्राह्मणवादी शासकहरूको उद्देश्य र यी सोचहरू मिले । पञ्चायतकाल यस्तो खालको राष्ट्रवादको प्रचार गर्ने उर्वर समय थियो र त्यसको लागि एउटा प्रमुख संयन्त्र थियो रेडियो नेपाल । सायद *विदेशमा बस्ने नेपालीहरूका लागि कार्यक्रम* त्यसको एउटा महत्त्वपूर्ण भाग थियो ।